# राष्ट्रिय चलचित्र नीति, २०७१

## १. पृष्ठभूमि

सिर्जनशील सांस्कृति उत्पादन र स्वच्छ मनोरञ्जनको माध्यमको रुपमा चलचित्र क्षेत्रको विशेष महत्व रहेको छ । यसको क्षेत्र लद्यु आकारको चलचित्रदेखि विज्ञापन, शैक्षिक श्रव्य-दृश्य सामग्री, टेलिभिजन आदि हुँदै वृत्तचित्र र कथानक चलचित्रसम्म फैलिएको छ । सिर्जनात्मक कार्य गर्ने सर्जक तथा लक्षित समूहका रुपमा आम दर्शक लगायत उद्योगी, व्यावसायी, विद्यार्थी, कलाकार, सङ्गीतकार, लेखक, पत्रकार, सामाजिक कार्यकर्ता, प्राविधिक, प्रदर्शक, वितरक आदि अनेक क्षेत्रका व्यक्तिहरु यस क्षेत्रसँग गाँसिएका छन् ।

राज्यको दायित्व, उद्देश्य र प्रतिबद्धतालाई पूरा गर्न अन्य क्षेत्रहरु जस्तै चलचित्रसम्वन्धी पनि उपयुक्त नीति हुनु आवश्यक छ । वि.सं. २०६२/०६३ सालको ऐतिहासिक परिवर्तन पश्चात बदलिएको परिस्थितिमा राष्ट्रिय चलचित्र उद्योगलाई सिर्जनशील, सांस्कृतिक तथा मनोरञ्जनात्मक उद्योगका रुपमा विकास गर्न चलचित्र नीतिको आवश्यकता महसुस गरिएको छ ।

परिवर्तित सन्दर्भमा चलचित्र क्षेत्रका समग्र पक्षको विकासको उद्देश्य सहित नयाँ चलचित्र नीति निर्माणद्वारा नेपाली चलचित्र उद्योगको विकास सम्भव छ । रोजगारी सिर्जना गर्न, कुल गार्हस्थ उत्पादनमा वृद्धि गर्न, पर्यटनलाई प्रवर्द्धन गर्न, वैदेशीक लगानी आकर्षित गर्न तथा निर्यातमुखी उद्योगका रुपमा चलचित्र क्षेत्रलाई विकास गर्न आवश्यक छ । यसका अतिरिक्त चलचित्र क्षेत्रले भाषा, संस्कृति, कला, साहित्य आदिसँग जोडिएर साष्ट्रिय एवं सांस्कृतिक पहिचान, मौलिकता, राष्ट्रिय जस्ता मूल्यहरुलाई अभिव्यक्त गर्ने भएकाले यसको संरक्षण एवं विकास गर्न राष्ट्रिय चलचित्र नीति, २०१७ तयार गरी लागू गरिएको छ ।

## २. बिगतका प्रयासहरु

चलचित्रलाई मनोञ्जनको माध्यमका रुपमा लिएर सेवामूलक उद्योगकाा रुपमा व्यावहार हुँदै आएकोछ । चलचित्रलाई मनोरञ्जनको मात्र साधन मान्ने दृष्टिकोणले यसको रचनात्मक एवं सांस्कृतिक महत्वलाई उपेक्षा गरेको छ । विगत केही दशकदेखि नेपाली चलचित्रको

नेपाल कानून आयोग

विकासको लागि संस्थागत प्रयास गरिएतापनि निरन्तरताको अभावमा त्यस्ता प्रयासहरुको प्रतिफल सन्तोषजनक रहेन । औद्योगिक व्यावसाय ऐन, २०४९ ले चलचित्र व्यावसायलाई सेवा उद्योगको रुपमा वर्गीकरण गरेको देखिन्छ । संचार नीति, २०४९ मा चलचित्र सम्वन्धी केही बुँदाहरु रहेका छन् । सूचना तथा सञ्चार मन्त्रालयले सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ अर्न्तगत चलचित्रसम्वन्धी दीर्घकालीन नीतिहरुलाई अगाडि सार्दै नीति तथा कार्यनीतिहरु पनि निर्धारण गरेको छ ।

## ३. विद्यमान स्थिति

विश्वमा चलचित्र निर्माण तथा प्रविधिको क्षेत्रमा भइरहेको द्रुत विकासको फलस्वरुप नेपालमा पनि अत्याधुनिक डिजिटल प्रणालीले प्रवेश गरेको छ । यस किसिमका प्रविधिबाट सेल्युलाइड पद्धतिभन्दा धेरै सजिलोसँग चलचित्र बनाउन सकिने भएकोले धेरै व्यक्तिहरुले चलचित्र निर्माण गर्न थालेका छन् । जसले चलचित्र संख्यामा वृद्धि भएको छ । आ.व. २०६८/०६९ मा मात्र ११७ वटा चलचित्र निर्माण गरिएको अभिलेख चलचित्र विकास बोर्डमा छ । चलचित्र विकास बोर्डमा छ । चलचित्रको संख्या यसरी नाटकीय रुपमा बढेको भए पनि गुणस्तरमा भने अपेक्षित सुधार हुन सकेको छैन ।

वर्तमान अवस्थामा आदिवासी आदिवासी जनजाति समुदायबाट पनि प्रशस्त मातृभाषी र नेपालीभाषी चलचित्रहरु बन्न थालेका छन् । यो एउटा राम्रो संकेत हो । तर ती मध्ये कतिपय चलचित्र दर्ता नगरिने, सेन्सर नगरिने, कुनै एक सीमित क्षेत्र वा ठाउँतिर मात्र प्रदर्शन हुने हुनाले तिनको राम्रो अभिलेख समेत छैन । बरुलघु चलचित्र आदिले स्तरीयता कायम राखेको देखिन्छ ।

अहिले काठमाडौंमा मात्र नेपाल अन्तराष्ट्रिय आदिवासी चलचित्र महोत्सव, अन्तराष्ट्रिय पर्वतीय चलचित्र महोत्सव, मानवअधिकार चलचित्र महोत्सव, लोकबाजा चलचित्र महोत्सव, अफ्रिकी चलचित्र महोत्सव, काठमाण्डौं सर्ट फिल्म फेस्ट लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय चलचित्र महोत्सवहरु आयोजना हुन थालेका छन् । यस्ता महोत्सवहरुले नेपाली दर्शकलाई अन्तराष्ट्रिय चलचित्रहरुसँग साक्षात्कार हुन र सिक्न तथा अनुभवहरु आदानप्रदान गर्न राम्रा अवसर प्रदान गरेका छन् ।

नेपाल कानून आयोग

## ४. समस्या तथा चुनौतीहरु

चलचित्र क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको र यस क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको भए तपनि सम्बोधन गरिनु पर्ने समस्याहरु र चनौतीहरु अझै थुप्रै छन् ।

केही प्रमुख समस्या र चुनौतीहरु निम्ननुसार छन् ।

### ४.१ प्रमुख समस्याहरुः

(क) चलचित्रलाई मनोरञ्जन क्षेत्रको रुपमा मात्र व्यावहार गरी गसको सिर्जनात्मक पक्ष ओझेलमा पर्नु,

(ख) राष्ट्रिय लोक कला संस्कृतिको विकास र प्रसारमा चलचित्रो उचित उपयोग हुन नसक्नु,

(ग) नेपाली चलचित्रको आधा शताब्दी भन्दा पुरानो इतिहास हुँदा हुँदै पनि देशका अधिकांश चलचित्र घरहरुमा विदेशी चलचित्रहरुकै बर्चश्व कायम रहनु,

(घ) नेपाली चलचित्रको उत्पादन र प्रदर्शनमा स्वदेशी लगानी मात्र परिचालन हुनु,

### ४.२ प्रमुख चुनौतीहरु::

(क) महिला, दलित, आदिवासी ⁄जनजाति, मधेसी, पिछडिएका क्षेत्रलगायत विभिन्न क्षेत्रको हकहित सम्बोधन गर्ने चलचित्रहरु स्वाभाविक रुपमा निर्माण हुन सक्ने वातावरणको सिर्जना गर्ने,

(ख) चलचित्रमा वैदेशिक पूँजी र प्रविधिलाई  आकर्षित गर्ने,

(ग) नेपाली चलचित्रको गुणस्तरमा सधार गर्ने ।

(घ) नेपाली चलचित्रको बजार विस्तार गर्ने ।

## ५. निर्देशक सिद्धान्त तथा भावी सोच

**निर्देशक सिद्धान्तः**

(क) चलचित्र क्षेत्रलाई सिर्जनशील, सांस्कृति एवं मनोरञ्जनात्मक उद्योतको रुपमा विकास गर्ने ।

(ख) आर्थिक-सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई रक्षा गर्ने तथा मुलुकको समग्र विकासमा चलचित्रका माध्यमबाट योगदान पूऱ्याउने ।

(ग) लोकतान्त्रिक संस्कृतिको विकासमा चलचित्रको माध्यमबाट योगदान दिने ।

(घ) सांस्कृतिक एवं सामाजिक सद्भाव, सहिष्णुता र एकताका निम्ति चलचित्रको माध्यमबाट टेवा पुऱ्याउने ।

(ङ) मुलुकका सबै भाषा, संस्कृति, जातिको संरक्षण, सम्बर्द्धन र विकासको निम्ति चलचित्रका माध्यमबाट भूमिका निर्वाह गर्ने ।

**५.१ भावी सोच (Vision)**

चलचित्र क्षेत्रलाई सिर्जनशील, सांस्कृतिक एवं मनोरञ्जनात्मक उद्योगका रुपमा विकास, विस्तार र सम्बर्द्धन गर्ने ।

**५.२ ध्येय (Mission)**

नेपाली चलचित्र गुणस्तर सुधार गरी राष्ट्रिय बजार विस्तार र अन्तराष्ट्रियस्तरमा प्रतिष्पर्धी बनाउने ।

**५.३ लक्ष्य (Goal)**

स्वास्थ्य मनोरञ्जन तथा ज्ञानबर्द्धक चलचित्र निर्माण गरी रोजगारी सिर्जना गर्ने, पर्यटन व्यावसायलाई टेवा पुऱ्याउने, राष्ट्रिय आयलाई बढाई निर्यातमुखी एवं आयात प्रतिस्थापन गर्ने उद्योगका रुपमा विकास गर्ने ।

**५.४ उद्देश्यहरु**

(क) राष्ट्रिय चलचित्र क्षेत्रलाई सिर्जनशील, सांस्कृतिक र मनोरञ्जन उद्योगगका रुपमा विकास, विस्तार र सम्बर्द्धन तर्ने ,

(ख) महिला, दलित, आदिवासी, जनजाति, मधेसीलगायत पछाडि परेका जनसमुदायको विकास एवं मूलप्रवाहीकरण गर्न चलचित्रलाई सशक्त माध्यमको रुपमा अपनाउने,

(ग) चलचित्र क्षेत्रको प्रबर्द्धनका लागि विदेशशी लगानी आकर्षित गर्ने,

(घ) गुणस्तरीय नेपाली चिलचित्रको निर्माणबाट आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने,

(ङ) नेपाललाई विदेशी चलचित्र निर्माणको लागि आकर्षण तन्तव्य बनाउने, ।

## ६. चलचित्र सम्बन्धी नीतिहरु :

### ६.१ चलचित्र सम्बन्धी व्यावसायिक नीतिः

६.१.१ नेपाली चलचित्रलाई उद्योगको रुपमा विकास गर्ने,

६.१.२ स्वदेशी चलचित्रको प्रदर्शन तथा वितरणमा सकारात्मक विभेखको नीति अवलम्बन गर्ने,

६.१.३ चलचित्र निर्माण तथा प्रदर्शन व्यावसायमा बाह्यि लगानीलाई आकर्षित गर्ने ।

### ६.२ कार्यनीति

६.२.१ एकीकृत नेपाल व्यापार रणनीति, २०१० को सूचीमा चलचित्रलाई पनि समावेश गर्ने,

६.२.२ चलचित्रको छायाङ्न तथा प्रशोधनका निम्ति चलचित्र नगरी निर्माणलगायत आवश्यक पूर्वाधारहरुको निर्माण गरिने छ र यस्ता पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नतालाई महत्व दिइने ।

६.२.२ चलचित्र निर्माणमा आवश्यक सम्पूर्ण प्राविधिक कार्यहरु यथासम्भव देशभित्र पूरा गर्न सक्ने गरी त्यस्ता उद्योगहरुको स्थापनालाई प्रोत्साहित गर्ने, एनिमेसन (Animation) र भिजुअल इफेक्ट (Visual Effect) लगायत आउट सोर्सिङ (Out Sourcing) बाट हुने चलचित्र सम्बन्धी कार्यका लागि नेपाललाई अन्तराष्ट्रिय आर्कषण र गन्तव्यको रुपमा विकास गर्ने ।

### ६.३ चलचित्र क्षेत्रको सबलीकरण सम्बन्धी नीतिः

६.३.१ वस्तुगत र स्पष्ट आधारमा चलचित्रलाई बौद्धिक र कलात्मक तथा व्यावसायिक चलचित्र गरी दुई समूहमा वर्गीकरण गरिने छ ।

६.३.२ स्तरीय चलचित्रको निर्माणमा आवश्यक पर्ने लेखक, निर्देशक, प्राविधिक, कलाकारलगायतका दक्ष जनशक्तिको उत्पादनलाई प्रोत्साहन दिइने छ ।

६.३.३ चलचित्र निर्माणलाई प्रोत्साहन एवं सहयोगका लागि चलचित्र लगानी कोषको स्थापना तथा सञ्चालन गरिने छ ।

६.३.४ लघु चलचित्र, वृतचित्र, गैरआख्यान चलचित्र र प्रयोगात्मक चलचित्रको विकास, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

नेपाल कानून आयोग

६.३.५ चलचित्र पर्यटनको विकास सम्बन्धी अवधारणालाई मूर्तरुप दिईनेछ । साथै चलचित्र मार्फत नेपालको पर्यटकीय सम्भावनालाई अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरिने छ ।

६.३.६ चलचित्र अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिने छ ।

६.३.७ नेपाली चलचित्रहरुको संरक्षणका निम्ति चलचित्र पुस्तकालय र राष्ट्रिय चलचित्र सङ्ग्राहलय स्थापना गरिनेछ ।

६.३.८ सांस्कृतिक पहिचान सहितका स्वदेशी चलचित्रको अन्तराष्ट्रिय स्तरमा गैरव्यावसायिक प्रदर्शनलाई प्रोत्साहित गरिने छ ।

६.३.९ चलचित्रको उत्पादन, वितरण र प्रदर्शनमा प्रतिलिपि अधिकारको व्यवस्थापन, संरक्षण र कार्यान्वयनलाई व्यावस्थित, पारदर्शी, प्रभावकारी बनाउन सम्बद्ध पक्षबीच विधिसम्मत सम्झौता गर्ने-गराउने पद्धति विकास गरिन्छ ।

६.३.१० कुनै पनि माध्यमबाट हुने प्रतिलिपि अधिकारको उल्लङ्घनलाई नियन्त्रण गर्न यस सम्बन्धी अनुगमन गर्ने विधि र प्रविधिको विकास गरिनेछ ।

६.३.११ चलचित्र तथा चलचित्रजन्य वस्तुको पुनरुत्पादन तथा विक्री वितरण कार्यको इजाजत लिनुपर्ने व्यवस्था गरिने छ ।

६.३.१२ इन्टरनेट अपलोड लगायतका विद्युतीय कारोबारमा चलचित्रलाई समावेश गर्ने कानुनी व्यवस्था गरिने छ ।

६.३.१३ चलचित्रको गैरकानुनी रुपमा इन्टरनेटमा हुने प्रदर्शन र अपलोडीङ रोक्नका लागि अन्तराष्ट्रिय क्षेत्रमा समन्वय गरिने छ ।

६.३.१४ नेपाली चलचित्र घरहरुलाई वस्तुगत र स्पष्ट आधारमा वर्गीकरण गरी गुणस्तर अभिवृद्धिका लागि प्रोत्साहन गरिने छ ।

६.३.१५ चलचित्र वितरण तथा प्रर्दशनमा बक्स अफिस प्रणालीको व्यवस्था गरिने छ ।

६.३.१६ चलचित्र विकास बोर्डलाई एक स्वायत्त र अधिकारसम्पन्न संस्था बनाइने छ र यसको संरचनामा आवश्यक सुधारहरु गरिने छ ।

६.३.१७ चलचित्र जाँच सम्बन्धी व्यवस्थालाई समयानुकूल परिमार्जन गरिने छ ।

नेपाल कानून आयोग

६.३.१८ श्रमजीवी चलचित्रकर्मीहरुको हकहितको संरक्षण गर्न आवश्यक व्यवस्था गरिने छ ।

६.३.१९ नेपाली चलचित्रलाई मानवअधिकारका आधारभूत मान्यता अनुरुप विकास गर्न प्रोत्सहन गरिने छ ।

## ६.४ कार्यनीतिः

६.४.१ बौद्धिक, कलात्मक, चलचित्र र व्यवसायिक चलचित्रका निर्मातालाई फरक फरक दरमा चलचित्र विकास शुल्क फिर्ता गर्ने नीति अवलम्बन गर्ने ,

६.४.२ चलचित्र विकास बोर्ड र सरोकारवाला पक्षको सहकार्यमा चलचित्र निर्माण परामर्श डेस्कको व्यवस्था गर्ने,

६.४.३ चलचित्रको छायाङ्कन तथा प्रशोधनका निम्ति आवश्यक पूर्वाधारहरुको निर्माण गर्ने,

६.४.४ चलचित्र विकास बोर्डले काठमाण्डौं बालाजुस्थित चलचित्र विकास कम्पनी लिमिटेडसँग सहकार्य गरी चलचित्र छायाङ्कन निर्माण तथा प्रशोधन गर्ने व्यावस्था मिलाउने ।

६.४.५ लघु चलचित्र, वृत्तचित्र र प्रयोगात्मक चलचित्र निर्माण र प्रदर्शनलाई प्रोत्साहित गर्ने,

६.४.६ चलचित्र दर्ता तथा जाँच प्रक्रियालाई सहज र सरल बनाउने ।

६.४.७ नेपालमा छायाङ्कन हुने विदेशी चलचित्रहरुलाई सुविधा प्रदान गर्ने,

६.४.८ नेपालले विशेष प्राथमिकतामा राखेका पर्यटकीय गन्तव्यस्थलको अन्तराष्ट्रियस्तरमा प्रचारप्रसारमा सहयोग पुग्ने चलचित्र निर्माण गर्न आउने विदेशी चलचित्र निर्मातालाई विशेष सुविधा प्रदान गर्ने,

६.४.९ चलचित्र क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न औपचारिक तथा अनौपचारिक, माध्यम अवलम्बन गरिने,

६.४.१० चलचित्र सम्बन्धी विषयको अध्ययन अनुसन्धानको निमित्त छात्रवृत्तिको व्यवस्था गर्ने ,

६.४.११ सिडी, भिसिडी, डिभिडी लगायता 'डाटा स्टोर गर्ने डिभाइस' आदिबाट अनाधिकृत प्रतिलिपि उत्पादन गरी विक्री-वितरण गर्ने कार्यलाई नियन्त्रण

नेपाल कानून आयोग

गर्न उक्त आधिकारिक सामाग्रीमा विशेष चिन्ह वा होलोग्राम प्रयोग गर्ने पद्धतिको विकास गर्ने,

६.४.१२ चलचित्र निर्माण र प्रर्दशनमा बाह्न स्रोतको समेत परिचालन गर्ने,

६.४.१३ निर्धारित शर्त पूरा गरेका विदेशी लगानीका सह-निर्माणका चलचित्रलाई नेपाली चलचित्र सरहको सुविधा प्रदान गर्ने,

६.४.१४ विदेशी चलचित्र नेपालमा छायाङ्कनका लागि आकर्षित गर्न चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डले सहकार्य गर्ने,

६.४.१५ पर्यटकीय क्षेत्रमा छायाङ्कन गरेका वा चलचित्रका विषयवस्तुका कारण उक्त चलचित्रले प्रत्यक्ष रुपमा नेपालको पर्यटन प्रबर्द्धनमा योगदान दिनसक्ने भएमा त्यस्ता चलचित्रलाई विशेष सुविधा दिने,

६.४.१६ चलचित्रसम्बन्धी ज्ञान र सीप भएका मध्यमस्तरीय जनशक्ति उत्पादन गर्न केन्द्रीय तथा क्षेत्रीय तहमा व्यावसायिक तालिम तथा प्रशिक्षण केन्द्रहरुको स्थापना गर्ने, गराउने,

६.४.१७ विश्वविद्यालयहरुलाई चलचित्रसम्बन्धी औपचारिक शिक्षाको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

६.४.१८ नेपाली चलचित्रको विकासका लागि चलचित्रका विभिन्न पक्षमा र यसका सामाजिक प्रभाबसम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने,

६.४.१९ स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्ने इजाजतपत्र लिइ नयाँ निर्माण हुने तथा सञ्चालनमा रहेका चलचित्र घरहरुलाई प्रोत्साहन गर्ने,

६.४.२० स्वदेशी चलचित्र जाँच र दस्तुरमा सकारात्मब विभेदको नीति अवलम्वन गर्ने,

६.४.२१ नेपालका हरेक चलचित्र घरहरुले वर्षको निश्चित प्रतिशत/दिन स्वदेशी चलचित्र प्रदर्शन गर्नुपर्ने व्यवस्थालाई प्रोत्साहित गर्ने,

६.४.२२ चलचित्र घरहरु नभएका क्षेत्रमा मिनी चलचित्र घर, घुम्ती चलचित्र प्रदर्शन तथा खुला चलचित्र प्रर्दशन तथा खुला चलचित्र प्रदर्शनको व्यवस्थालाई प्रोत्साहित गर्ने,

६.४.२३ मल्टिप्लेक्सलगायन अत्याधुनिक उपकरणसहितका सुविधासम्पन्न चलचित्र घरहरुको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

नेपाल कानून आयोग

६.४.२४ दूर्गम क्षेत्र विकास समितिले तोकेका दूर्गम क्षेत्रभित्र बन्ने चलचित्र घरलाई प्रोत्साहन तर्ने,

६.४.२५ चलचित्रसँग सम्बन्धि निर्माता, निर्देशक, प्राविधिक, कलाकार, वितरक र प्रदर्शकहरुको आचारसंहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

६.४.२६ चलचित्रकर्मी कल्याण कोषको पूँजी वृद्धि गर्दै यसको सञ्चालन र सहयोग वितरणसम्बन्धी हालको व्यवस्थालाई थप वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाउने,

६.४.२७ चलचित्रकर्मीको छायाङ्कन अवधिको दुर्घटना बीमा कार्यक्रमलाई छायाङ्कन अवधिको प्रोजेक्ट बीमा कार्यक्रमका रुपमा अघि बढाउने व्यवस्था गर्ने,

६.४.२८ नेपाली चलचित्र उद्योगको विकासका निम्ति निजी क्षेत्रबाट आयोजना गरिने राष्ट्रिय र अन्तराष्ट्रियस्तरका चलचित्र महोत्सवहरुलाई सहयोग एवं प्रोत्साहित गर्ने,

६.४.२९ अन्तराष्ट्रियस्तरमा आयोजना गरिने चलचित्र महोत्सवहरुमा नेपाली चलचित्रहरुको सहभागितालाई बढाउन प्रोत्साहन गर्ने,

६.४.३० चलचित्रकर्मीहरुको लागि परिचयपत्रको व्यवस्था गर्ने,

६.४.३१ नेपाली चलचित्रमा अत्याधिक हिंसा, अश्लिलता, महिला शोषण, बालश्रमजस्ता विषयलाई निरुत्साहित गर्ने,

६.४.३२ चलचित्रमा अपाङ्गता भएका व्यक्तिहरु, महिला, यौनिक अल्पसंख्यकहरु तथा जातीय अपमान गर्ने भाषा प्रयोगलाई निरुत्साहित गर्ने,

६.४.३३ शिक्षाप्रद चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने ।

**६.५ आदिवासी/जनजाति मातृभाषी चलचित्र सम्बन्धी नीति**

६.५.१ आदिवासी, जनजाति, मातृभाषी चलचित्रको निर्माण, प्रदर्शन र वितरणमा संरक्षण, सहयोग र सुविधा प्रदान गरिने छ,

६.५.२ आदिवासी, जनजाति,मातृभाषी चलचित्रकर्मीहरुलाई चलचित्रसम्बन्धी निकायहरुमा प्रतिनिधित्व गराइने व्यवस्था गरिनेछ ।

**६.६ कार्यनीतिः**

६.६.१ आदिवासी/जनजाति मातृभाषी चलचित्रको दर्ता प्रक्रियालाई सरलीकरण गरिनेछ,

६.६.२ आदिवासी/जनजाति मातृभाषी चलचित्रको जाँचबापत लिइने जाँच दस्तुर न्युन गरिने छ,

६.६.३ चलचित्र भवन नभएका ठाउँमा सम्बन्धीत मातृभाषी चलचित्रहरुलाई घुम्ती चलचित्रको रुपमा प्रदर्शनका लागि प्रोत्साहन गरिने छ,

६.६.४ मातृभाषमा बनेका बौद्धिक र कलात्मक, चलचित्रलाई निर्माणका साथै प्रदर्शनका निम्ति पनि आवश्यक सहयोग गरिने छ,

६.६.५ बौद्धिक, कलात्मक, आदिवासी/जनजाति चलचित्रको अन्तराष्ट्रिय प्रचारप्रसारसलाई प्रोत्साहित गरिने छ ,

६.६.६ स्थानीय समुदायको संस्कृति, संस्कारमा आधारित भइ निर्माण गरिएका चलचित्रबाट स्थानीय समुदाय पनि लाभान्वित हुने व्यवस्था गरिने छ ।

**६.७ कानूनी व्यवस्थाः**

यस नीतिमा उल्लेख गरिएका विषयहरुको सम्बोधनका लागि सम्बन्धीत कानूनको निर्माण तथा विद्यमान कानूनमा आवश्यक परिमार्जन गरिनेछ ।

## ७. संस्थागत व्यवस्था

यस नीथिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था र संरचनात्मक परिमार्जन गरिनेछ ।

## ८. वित्तीय स्रोत

सरकारी स्रोत, वैदेशिक ऋण तथा सहयोग तथा निजी क्षेत्रको यस क्षेत्रमा हुने लगानी समग्रमा यस राष्ट्रिय चलचित्र नीति कार्यान्वयनका स्रोत हुनेछन् ।

## ९. अनुगमन तथा मूल्याङ्कन

९.१ यस नीतिको कार्यान्वयन पक्षलाई समन्वयात्मक रुपमा अनुगमन गर्न एक उच्चस्तरीय अनुगमन समितिको व्यावस्था गरिने छ ,

नेपाल कानून आयोग

९.२ यो नीति कार्ययोजना बनाई लागू गरिने छ र कार्ययोजनामा सूचकहरु सहितको अनुगमन तथा मूल्याङ्कनको ढाँचा समावेश गरी सोही आधारमा मूल्याङ्कन तथा अनुगमन गरिने व्यावस्था मिलाइने छ ।

## १०. जोखिम तथा पूर्वानुमान

मुलुक सङ्घीय संरचनामा परिणत हुँदा चलचित्र निर्माण, प्रदर्शन, वितरण, जाँचपासको नियमन तथा कार्यान्वयन गरिने निकायहरु छुट्याई चलचित्र नीतिको पुनः समायोजन गर्नुपर्ने हुन सक्दछ । यो नीतिको सफल कार्यान्वयनका लागि चलचित्र सम्बद्ध सबै व्यक्ति तथा निकायको सहयोग रहनेछ ।

नेपाल कानून आयोग